दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २९३ | बुटवल | २०८१ कार्तिक १०, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Oct. 26, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# सुप्रिम सहकारी ठगीको अनुसन्धान गर्न सीआइबी बुटवलमा

**लुम्बिनी संवाददाता**
*बुटवल*

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने जोडिएको सुप्रिम सहकारी ठगी अनुसन्धानका लागि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) को टोली बुटवल आइपुगेको छ। सीआइबीका डीएसपी सुन्दर तिवारीको नेतृत्वमा टोलीले सुप्रिम सहकारीको पूरक जाहेरीमा अनुसन्धान गरिरहेको छ।

गत असोज ५ गते सहकारीपीडित नारायणबहादुर पहराईलगायतले रवि लामिछानेसहित १२ जनाविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा पूरक जाहेरी दिएका हुन्। पूरक जाहेरीपछि प्रहरीले अनुसन्धान अगाडि बढाएको हो।

बिहीबार जिल्ला अदालत रुपन्देहीले उनीहरूलाई पक्राउ गरेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिइसकेको छ। अदालतले छविलाल जोशी, दीपक लामा, अनन्त बाबु राई, श्री वल्लभ नेपाल, विशाल तामाङ, रविना रिमाल, भगवती बम्जन, विज्ञान राई, सुरक्षा अधिकारी, नरेश जिसी र शिवबहादुर गुरुङविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ।

न्यायाधीश श्यामप्रसाद श्रेष्ठको इजलासले पक्राउ गरेर अनुसन्धान गर्न अनुमति दिएसँगै उनीहरूविरुद्ध सुप्रिम सहकारी ठगीमा पनि मुद्दा अगाडि बढ्ने निश्चित भएको हो।

पोखराको सूर्यदर्शन सहकारी ठगीमा छविलाल जोशी र रवि लामिछानेविरुद्ध पनि अनुसन्धान भइरहेको छ। कास्कीमा पक्राउ परेका जोशीलाई बुटवल ल्याएर प्रहरीले पहिलो चरणको बयान गराइसकेको छ। लामिछानेलाई पनि बुटवल ल्याउने प्रहरीको तयारी छ। पोखरामा पनि पुरक अनुसन्धानमा सहयोग गर्न भन्दै सीआइबीको टोली खटाइएको छ। सुप्रिममा पनि पठाइसकिएको हो।

रवि र छविलाई सहकारीको रकम गैरकानुनी रूपमा गोर्खा मिडियामा लगेर अपचलन गरेको आरोप छ। अरु आरोपित भने बैंकिङ कारोबारमा हस्ताक्षर गर्नेहरू हुन्। रवि र छविविरुद्ध यस्तै कसुरमा चितवनको सहारा, वीरगञ्जको साना पाइला र काठमाडौंको स्वर्णलक्ष्मी सहकारीमा पनि अनुसन्धान अगाडि बढाउने तयारी छ।

यी सहकारीबाट पनि गोर्खा मिडियामा रकम लगेर अपलचन गरेको पाइएको छ। बुटवलको सुप्रिममा १० हजार ३ सय ९१ सदस्यको १ अर्ब ७ करोड बचत रकममध्ये ७८ करोड गोर्खा मिडियामा अपचलन गरेको आरोप छ।उनीहरूविरुद्ध कास्कीमा पछिल्लोपटक बिहीबार थप ७ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले अदालतबाट अनुमति लिएको छ। रविलाई यसअघि ६ दिन हिरासतमा राखिएको थियो। छवि भने असोज ६ गतेदेखि नै हिरासतमा छन्।

यता रास्वपाले भने आफ्ना सभापति सहकारी ठगीको आरोपमा पक्राउ परेपछि विरोध प्रदर्शन गरिरहेको छ। बुटवलको सुप्रिम सहकारी रकम अपचलनबारे छानबिन गर्नको लागि पक्राउ पुर्जी जारी हुनेको संख्या ४० पुगेको छ।

गत बैशाख ३ गते प्रहरीले सहकारीको रकम ठगी गर्ने २८ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। बिहीबार पूर्व गृहमन्त्री तथा रास्वपा सभापति रवि लामिछाने, पूर्व डीआइजी छविलाल जोशीसहित १२ जनालाई जिल्ला अदालत रुपन्देहीबाट अनुसन्धानको लागि पक्राउ पुर्जी जारी भएको छ।







यसअघि २८ जनामध्ये ८ जना पक्राउ परेका छन्। जसमा २ जना कास्की र एक जना रुपन्देही कारागार रहेका छन् भने ५ जना धरौटीमा रिहा भएका छन्। जीबी राईसहित अन्य व्यक्तिहरू बैशाखदेखि फरार रहेका छन्।

लामिछाने र जोशीसहित बिहीबार पक्राउ पुर्जी जारी हुनेमा रुपन्देहीका दीपक लामा, अनन्तबाबु राई (जीबी राईको भाइ), नरेश जिसी, शिवबहादुर गुरुङ, श्रीबल्लव नेपाल, विशाल तामाङ , रविना रिमाल, भगवती बमजन, विज्ञान राई, सुरक्षा अधिकारी रहेका छन्।

प्रहरीले ती सबैलाई अनुसन्धानको लागि पक्राउ गरेर मुद्दा दायर गर्ने तयारी गरेको छ।

देशमा विभिन्न सहकारीको रकम अपचलनमा मुछिएका रवि लामिछाने र छविलाल जोशी बुटवलको सुप्रिम सहकारी रकम संगठीत ठगी गरेको मुद्दामा प्रहरीले पक्राउ गर्ने अनुमति पाएको हो।

गोर्खा मिडिया नेटवर्कले ११ फागुन २०७७ मा ग्यालेक्सी टिभी सञ्चालनमा ल्याएको थियो। गोर्खा मिडिया नेटवर्कमा सुरुमा गितेन्द्रबाबु राई र छविलाल जोशी शेयर सदस्य थिए। त्यस बेला राई र जोशीको समान २ लाख ५० हजार कित्ता शेयर थियो।

टिभी सञ्चालनमा आएको वर्ष दिन नपुग्दै ७ पुस २०७८ मा लामिछाने १ लाख ८० हजार कित्ता शेयरसहित प्रबन्ध निर्देशक बनेका थिए। त्यो बेला राईसँग ८० प्रतिशत (१० लाख २० हजार कित्ता) र रविसँग १५ प्रतिशत शेयर थियो। त्यस्तै कुमार रम्तेल, भूपेन्द्रबाबु राईलगायतको पनि शेयर रहेको थियो।

सुप्रिम सहकारीको रकम गैर कानुनी रूपमा सारिएको विषयमा जोशीसँग यसअघि नै रुपन्देहीमा दुई दिन बयान लिएर पोखरा पठाइएको छ।

रवि अहिले पोखरामा सूर्य दर्शन सहकारीको रकम ठगीमा अनुसन्धानमा छन्। उनलाई प्रहरीले छिट्टै रुपन्देही ल्याएर सुप्रिम सहकारी विषयमा अनुसन्धान गर्ने तयारीमा रहेको छ। अन्य अदालतले पुर्जी जारी भएकालाई पनि पक्राउ गरेर अनुसन्धान गर्ने जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ।

## रूपन्देहीको प्रजिअमा बासुदेव

बुटवल। रुपन्देहीको प्रमुख जिल्ला अधिकारीमा बासुदेव घिमिरे आएका छन्। रुपन्देहीका प्रजिअ गणेश अर्याल पर्सा सरुवा भएका छन्।

गृह मन्त्रालय र मातहतका २९ जना कर्मचारीको जिम्मेवारी हेरफेर हुँदा रुपन्देहीको प्रजिअको पनि सरुवा भएको हो। गृहमन्त्री रमेश लेखकले १८ जनालाई प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिएका छन्। इलाका प्रशासन कार्यालय बुटवलको प्रमुखमा रामचन्द्र अर्याल सरुवा भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा कार्यरत सह-सचिव वसन्त अधिकारीलाई बारा जिल्लाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ। प्राधिकरणमा सह-सचिव रामबन्धु सुवेदीलाई ल्याइएको छ।

त्यसैगरी, महोत्तरीमा लालबाबु कवारी, पाल्पामा तोयनारायण सुवेदी, दोलखामा शिवराम गेलाल, धनकुटामा टुवराज पोखरेल, गोरखामा पुण्यविक्रम पौडेल, तनहुँमा श्यामकृष्ण थापा र गुल्मीमा जनार्दन गौतम छन्।

» बाँकी ३ पेजमा

## एमाले बुटवलको अध्यक्षमा पोखरेल



बुटवल। एमाले बुटवल उपमहानगर कमिटीको अध्यक्षमा शोभाखर पोखरेल चयन भएका छन्। त्यसैगरी उपाध्यक्षमा माधव खनाल, सचिवमा दिनानाथ भट्टराई, उपसचिवमा विकास बस्नेत र मेनका थापा सर्वसम्मत चयन भएको घोषणा गरिएको छ।

अधिवेशनले ८५ सदस्यीय नगर कमिटी निर्वाचित गरेको छ। नयाँ नेतृत्वको अध्यक्षका लागि शोभाखर पोखरेल र मेघराज भट्टराई आकांक्षी थिए। सर्वसम्मत नेतृत्व चयन गर्न भन्दै मनोनयन दर्ता नगरी पोखरेलेको नेतृत्वमा कमिटी घोषणा गरिएको हो।

अधिवेशनको उद्घाटन बिहीबार एमाले सचिव पद्मा अर्यालले गरेकी थिइन्।

# वनबाटिकाको भ्यूटावर छिटो चलाउन दबाब




**लुम्बिनी संवाददाता**
*तिलोत्तमा*

उद्घाटन भएको दुई वर्षसम्म पनि सञ्चालन हुन नसकेको तिलोत्तमाको शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनबाटिका) मा बनेको बहुउद्देश्यीय टावर छिटो सञ्चालन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

तिलोत्तमा नगरपालिका र वनबाटिकाको साढे ११ करोड लगानीमा बनेको टावर सञ्चालन नगर्दा राम्रो सन्देश नगएको भन्दै ठेक्का पाएको कम्पनीले नचलाउने भए ठेक्का रद्द गरेर अरुलाई दिनुपर्ने आवाज उठेको छ।

२०७८ साल चैत १५ गते तत्काली प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले टावरको उद्घाटन गरेका थिए।

शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रको १४औं वार्षिक साधारणसभाको उद्घाटन समारोहमा वक्ताहरुले भ्यूटावर छिटो चलाउनुपर्नेमा जोड दिएका हुन्।

भ्यूटावर अहिलेसम्म सञ्चालन नहुँदा तिलोत्तमा नगरपालिका र शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वन वाटिका)ले कुनै लाभ लिन सकेका छैनन्।

भ्यूटावर निर्माण भए पनि ठेक्का लगाउँदा टावर परिसरमा पौडी पोखरी, पानीको फोहोरा, पार्किङ, रेस्टुरेण्ट, निर्माण गरी एकीकृत रूपमा सञ्चालन गर्ने योजना थियो। त्यहीअनुसार ठेक्काको प्रक्रिया अगाडि बढाए पनि दोस्रो चरणको संरचना निर्माण अझैंसम्म पूरा नभएपछि ठेक्काको लागि कबोल गरेको ठेकेदार कम्पनीले सम्झौता नगरी बसेको छ।

पछिल्लो संरचना निर्माणका लागि तिलोत्तमा नगरपालिका र संघीय सरकारको पर्यटन प्रवर्द्धन कार्यक्रमअन्तर्गत ५ करोड बजेटमा काम सुरु गरिएको थियो। जसमध्ये नगरपालिकाले आफ्नो रकमले काम गरे पनि संघीय सरकारले पर्यटन प्रवर्द्धनअन्तर्गत रकम नपठाएका कारणले संरचना पूरा नभएको तिलोत्तमा नगरपालिकाको भनाइ छ।

नगरपालिकाका अनुसार पाल्पाको अनुपम निर्माण सेवा कम्पनीले २०७८ फागुनमा २०७९ साल साउनदेखि भ्यूटावर चालु गर्ने गरी वार्षिक ३९ लाख ५० हजार रुपैयाँ बुझाएको थियो। एक वर्षको बैंक ग्यारेन्टी पनि उक्त कम्पनीले गरेको थियो। साउनमा सञ्चालन गर्न असार अन्तिमसम्म ठेकेदारले राखेको सर्तहरू पूरा नभएपछि उक्त कम्पनीले सम्झौता नै गरेन। कम्पनीले भ्यूटावरमात्रै हुँदैन, पौडी पोखरी, रेस्टुरेण्ट, पानीको फोहोरा जस्ता संरचना तयार नभएकाले आफूले सम्झौता नगर्ने अडान लिएपछि रोकिएको हो।

भ्यूटावर १० तलाको छ, जसको उचाइ १३४ फिट छ।

भ्यूटावर निर्माण गर्दा ७० प्रतिशत खर्च तिलोत्तमा नगरपालिकाले र ३० प्रतिशत खर्च शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले बेहोरेका हुन्। दोस्रो चरणमा भने सङ्घीय सरकार र नगरपालिको लगानी हो।

टावरमा पहिलोदेखि छैटौं तलासम्म व्यावसायिक प्रयोजनका लागि संरचना निर्माण गरिएका छन्। सातौं तलादेखि मात्रै दृश्यावलोकनको लागि प्रयोग हुने नगरपालिकाले जनाएको छ। कुल २५ हजार १२२ वर्ग फिट क्षेत्रफलमा निर्माण गरिएको भ्यू-टावरमा सुविधायुक्त रेस्टुराँ र पर्यटक विश्राम स्थल, रिसर्च कक्ष, डिपार्टमेन्ट स्टोर, कार्यालय कक्ष, शौचालयसहित वातानुकूलित कोठाहरु तथा पुस्तकालयलगायतका संरचना छन्।

» बाँकी ३ पेजमा



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ कार्तिक १०,गते शनिबार

तपाईंका लागि...

**बिट्‌विन द लाइन्स्...**

"जिन्दगीको मौसम रहँदै, खन खन
दिलको खेत ।
बाँझो नरहोस् पानी पर्दै,
चेतनशील शुद्ध सफेद ॥"

– महाकवि लक्ष्मीप्रसाद देवकोटा

# अफ्रिकाको माटो छाम्दा



रामचन्द्र श्रेष्ठ



चाडपर्वको मुखमै देश छोड्नुमा खासै खुसी नहुँदोरहेछ । तर, जीवनमा अवसर र चुनौतीसँगसँगै आउँदोरहेछ । भनिन्छ केही पाउनलाई केही त गुमाउनै पर्छ । जीवनमा पहिलो विदेश भ्रमण गर्दै थिए । त्यो पनि अफ्रिकाली मुलुक ।

यात्राको शुरुवात नै सोचेभन्दा चुनौतीपूर्ण बनिदियो । केही प्राविधिक कारणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट म मध्यरातमा फर्कनुपर्‍यो र साथी सुरेन्द्र एक्लै उड्नुपर्‍यो । हामी दुवै जनाको यो पहिलो विदेश यात्रा थियो । त्यसकारणले पनि हामी दुवैसँगै हुँदा यात्रा सहज हुने अपेक्षा थियो । प्राविधिक कारणले उहाँ एक्लै उड्नुपर्‍यो । तनावपूर्ण एक दिनपछि अर्को मध्यरात म एक्लै उड्नुपर्‍यो ।

अर्को रात त्रिभुवन विमानस्थलका कर्मचारीहरू पनि परिचित भइसकेका थिए । अघिल्लो दिनको प्राविधिक झमेलामा धेरैसँग परिचय भइसकेको थियो । त्यसैले खासै अप्ठ्यारो भएन । अध्यागमनका अधिकृतले पनि मेरो यात्राबारे जानकारी पाइसकेका थिए । त्यसैले कानुनी झमेला सुनेजस्तो अप्ठ्यारो भएन ।

११ अक्टोबर राती १ बजे काठमाडौंको विमानस्थल छोडेको फ्लाइ दुबईको प्लेन करीब ४ घण्टाको उडानपछि दुबईमा बिहान ४:२० बजे (दुबईको समय अनुसार) ओर्लियो । दुबईको भव्यताको झलक प्लेनको झ्यालमा अटसमटस थियो । मेरो मनमा भने दुविधा व्याप्त थियो । टर्मिनल २ मा ओर्लेर टर्मिनल ३ मा जानुपर्ने थियो मलाई । मेरो छेउको दुवै सीट खाली भएका कारण मैले अरु कसैसँग कुरा गर्न पनि पाएको थिएन । तर सोचेभन्दा सहज भइदियो यात्रा । टर्मिनल २ बाट टर्मिनल ३ बसमा नै पुराइदिँदो रहेछ । दुई टर्मिनलको दुरी हिंडेर पार गर्ने सोच्नु नै गलत रहेछ । यसैले नै मैले विमानस्थलको विशालता अनुमान गरे । दुबईबाट ७ बजे फ्लाई दुबईको प्लेन उड्दै थियो । ७ बजे पनि दुबईको तापक्रम ३१ डिग्री सेल्सियस पुगेको थियो । घामको चहक प्लेनभित्र मस्त परेको थियो ।

यो फ्लाइट ८ घण्टा लामो थियो । मेरो वरिपरि पुरै अफ्रिकी मूलका मानिसहरू मात्र थिए । फरक वर्ण, भूगोल र संस्कृतिका मानिससँग कुराकानी थाल्न अलि दकस नै हुँदोरहेछ । मेरो छेउमा निकै अग्ला खाइलाग्दा युवा थिए । सुरुमै मुसुक्क हाँसेर अभिवादन आदानप्रदान भए पनि धेरै बेर हामी कुराकानी गरेनौं । समय बिताउन मैले अगाडिको स्क्रीनमा केही गीत सुने र फिल्म हेरे ।

मध्य यात्रापछि बल्ल हामी कुराकानी गर्न थाल्यौ । उनी याहु अफाण्डे थिए । याहु टोगोका रहेछन् । टोगो घानाको पूर्वको देश हो । हामी दुवैको यात्रा घानाको राजधानी आक्रासम्म थियो । टोगोमा जन्मिएका भए पनि याहुले विदेशमा पढ्न पाए । उनी पेशाले इन्जिनियर रहेछन् । युरोपको लामो अनुभवपछि उनी देश फर्कदै थिए । अफ्रिकाको गरिबीप्रति उनको चासो रहेछ । उनले एउटा संस्था स्थापना गरेका रहेछन् । उक्त संस्थाबाट उनले महिलाहरूलाई स्वरोजगारीको लागि सीप तालिम र आर्थिक सहयोग उपलब्ध गराउँदा रहेछन् । एकैछिनमा हामी निकै गफिन थाल्यौं । अफ्रिका केन्द्रित भएर कुराकानी शुरु भए पनि हामी साहित्यबारे निकै नजिक भयौं । हामीले चिनुवा अचिबेलाई सम्झियौं । त्यस्तै चिडामाण्डी अदिचेको चर्चा गर्‍यौं । मैले नेपालको विश्व विद्यालयका कक्षाहरूमा र साहित्यिक समुदायमा अचिबे, चिडामाण्डीदेखि एडुवार्ड सइदको अध्ययन हुने बताउँदा उनी छक्क परे । उनले बुद्ध दर्शन र ध्यानबारे चासो राखे । युरोपमा विपश्यना ध्यानको बारेमा सुनेको र नेपालमा गएर अभ्यास गर्ने इच्छा रहेको बताउँदा ध्यानलाई लुम्बिनीको पर्यटनसँग जोड्न सकिने सम्भावना पनि महसुस भयो । याहुसँग रमाइलो कुराकानी गर्दागर्दै आक्रामा जहाज ओर्लियो ।

घानाको विमानस्थलमा भिजा प्रक्रियामा लगभग एक घण्टा अल्मिलिनु पर्‍यो । अनअराइभल भिजा लिने र पर्यटकीय भिजा रुजु गराउने ठूलो हुल थियो । धेरै चिनियाँ नागरिकहरू देखिए । केही अरबी नागरिक पनि थिए । मेरो छेउमा एकजना भारतीय नागरिक थिए । उनले मजदूरीमा आएको बताए । कार्यालयकी एकजना अधिकृतले नेपालबाट आएको बताउँदा छक्क परिन् । धेरै बेर कुर्नु परेपछि इशाराले उनलाई संकेत गरे । उनले पासपोर्टको थुप्रोबाट मेरो पासपोर्ट खोजेर अधिकारीको अगाडि राखिदिइन् । सुनेभन्दा सजिलै प्रक्रिया पूरा भयो ।

विमानस्थलको बाहिर 'अमिल्कर क्याबरल स्कुल'को नेमप्लेट बोकेर साथीहरू उभिएका थिए । फ्र्याङ्लगायतका साथीहरू बाहिर कुरिरहेका रहेछन् ।

एकैछिनमा सेनेगलका चारजना साथीहरू पनि आइपुगे । हामी एउटा भ्यानमा आश्रयस्थलतर्फ लाग्यौ । झ्यालबाट मैले घानाको दृश्य केलाउन थाले । गर्मी अचाक्ली थियो । ब्राहमासे, आँक, गुलमोहरका बोटहरू देख्दा नेपालकै मधेसतिर गएजस्तो अनुभव पनि भयो । विमानस्थलबाट बाहिर चोकमा आइपुग्दा ट्राफिक जाम भयो । जाममा केही सडक व्यापारीहरू आइपुगे । साधारण चप्पल लगाएका उनीहरूका पाइतालाहरू तातो पीचमा यता र उता दौडिरहेका थिए । उनीहरू पानी, स्थानीय तरिकाले नै बनाइएको चिप्सलगायतका सामानहरू बेच्दै थिए । कोही मोबाइलको कभर र हेडफोन पनि बेचिरहेका थिए । एकजनाले टाइहरू बेचिरहेका थिए । होटलमा पुग्दै गर्दा एउटा सानो खोला देखियो । नेपालका खोला जस्तै यो पनि प्लाष्टिक र ढललेभरिएको थियो ।

होटलमा पुग्दा दिउँसोको २ बजिसकेको थियो । सुरेन्द्रजी मेरो प्रतिक्षा गरिरहनुभएको थियो । नेपालभन्दा यहाँको समय ५ घण्टा ४५ मिनेट ढिलो थियो । मेरो समय गञ्जागोल भएको थियो । जहाजमा पनि राम्रो निद्रा परेको थिएन । खाना खाएर म मस्त निदाए ।

बिस्तारै अन्य देशका साथीहरू पनि आउन थाले । १७ देशका साथीहरू जम्मा भए । अफ्रिकाली देशहरूबाहेक हामी मात्र थियौ । अफ्रिकाका उत्तर, दक्षिण, पूर्व, पश्चिमका देशहरूका साथीहरू जम्मा भएका थिए । भूगोलमा मात्र पढेका नामहरूका देशहरूका साथीहरू परिचित हुन थाले । जाम्बिया, केन्या, युगाण्डा, लाइबेरिया, नाइजेरिया, सेनेगल, स्वाजील्याण्ड, माली, नाइजर, कंगो, दक्षिण अफ्रिका, पश्चिम सहारा, घाना, बुर्किना फासो, गिनीका साथीहरू जम्मा भए । नयाँ भूगोल र संस्कृतिका साथीहरूसँग ३ हप्ता बिताउने मौका मिलिरहेको थियो ।

अफ्रिका विविधताले भरिपूर्ण महादेश हो । अफ्रिको लगभग मध्यबाट भूमध्यरेखा जान्छ । जसले सिंगो महादेशलाई दुई गोलार्द्धमा बाँडेको छ । त्यस्तै प्रधान मध्याह्न रेखा पनि लगभग मध्यबाटै जान्छ जसले गर्दा अफ्रिकाको पूर्व र पश्चिमी भाग बाँडिन्छ । अफ्रिका मुख्यत गर्मी महादेश हो किनभने यो लगभग उष्ण प्रदेशमा पर्दछ । यहाँ हरियो घना जंगल पनि छ । सुख्खा सहारा मरुभूमि पनि छ । भौगोलिक विविधताले सांस्कृतिक विविधता पनि सिर्जना गर्छ । फरक-फरक भूगोलमा हुर्कने मान्छेहरूको बाँच्ने आयाम पनि फरक- फरक हुन्छ । भाषा, भूगोल, शारीरिक बनोट, संस्कृतिको अनेकन विविधता भए पनि अफ्रिकाली जनताको एउटा साझा अनुभव छ । त्यो हो साम्राज्यवादी मुलुकहरूले थोपरेको दासता र उपनिवेश । चार शताब्दी लामो दासता, दास व्यापार र उपनिवेशको गहिरो प्रभाव सडक जाममा पातला चप्पल लगाएर हतार हतार खुद्रा सामान बेच्न दौडिरहेका मानिसहरूमा झल्किन्छ । अफ्रिका सुन, हिरा, युरेनियम, लिथियमलगायतका अमूल्य खानीहरूले भरिपूर्ण छ, तर दुई छाकको लागि अफ्रिकाली जनताको समस्या चर्को छ । यसको कारण के हो ? अफ्रिका कसरी नयाँ खालको उपनिवेश भोगिरहेको छ ? किन अफ्रिकाका सरकारहरू अस्थिर हुन्छन् ? आदि अफ्रिकाली विषय र संसारका विविध विषयमा छलफल गर्न, आ-आफ्ना अनुभव र धारणाहरू साटफेर गर्न, संसारका गरिखाने मान्छेको साझा सङ्घर्षका विषयबारे छलफल गर्न हामी यहाँ जम्मा भएका छौं । १७ देशका मानिसलाई एकै ठाउँमा जोड्ने काम 'अमिल्कर क्याबरल स्कुल'ले गरेको छ ।

अमिल्कर क्याबरल स्कुल 'सोसियलिस्ट मोभमेण्ट अफ घाना- घानाको समाजवादी आन्दोलन' ले सञ्चालन गरेको हो । सोसियलिस्ट मोभमेण्ट अफ घानाले अहिले आफुलाई राजनीतिक दलेको रूपमा चिनाएको छैन । भविष्यमा राजनीतिक दलमा विकसित हुने सम्भावनालाई भने इन्कार गरेको पनि छैन । अहिले अफ्रिकामा समाजवादको चर्चा र अध्ययन बढ्दो क्रममा छ । घानामा 'अमिल्कर क्याबरल स्कुल' स्थापना भएको छ भने कंगोमा 'क्वामे एनक्रुमा स्कुल' छ । यस्ता केयौं स्कुलहरू सञ्चालनमा छन् र नयाँ स्थापना हुने क्रममा पनि छ । यी स्कुलहरूले एकआपसमा समन्वय गरेर वर्कसपहरू सञ्चालन गर्छन् । ती वर्कसपहरूमा युवाहरूलाई विभिन्न विषयमा छलफल गराइन्छ । उनीहरूले यसलाई परम्परागत प्रशिक्षण र कक्षाभन्दा फरक राखेका छन् । उनीहरू यो अन्तरक्रियाको तरिकालाई 'पोलिटिकल पेडागोजी- राजनीतिक शिक्षापद्धति' भन्छन् । यो ब्राजिलका शिक्षाविद् पाउलो फ्रेरेको दर्शनबाट प्रभावित छ । यसमा निश्चित विषयमा छलफल हुन्छ । सहभागीहरूले समान हैसियतामा आफ्ना विचारहरू राख्न स्वतन्त्र हुन्छन् । विषयलाई डोहोर्‍याउन एकजना फेसिलिटियेटर बोलाइएको हुन्छ । फेसिलिटियेटरले विषयमा छलफल बढाउँदै जान्छन् । जसले जुनसुकै बेलामा पनि हात उठाएर बोल्न पाउँछ । अहिले कक्षामा दुईखालको भाषा सँगै चलेको छ । अंग्रेजी र फ्रेन्च भाषामा छलफल हुन्छ । सबैको कानमा हेडसेट हुन्छ । अनुवादकले लगातार अनुवाद गरिरहेका हुन्छन् । कुनै साथी फ्रेन्चमा बोल्दैछ भने मैले हेडसेटको च्यानल परिवर्तन गरेर अंग्रेजी अनुवाद सुन्छु । यसले फ्रेन्च भाषी साथीहरूसँग पनि अन्तरक्रिया बढाएको छ ।

विस्तारै साथीहरूसँग परिचय हुन थाल्छ । कुनै कुनै देशका साथीहरू सहज ढंगले आएका छन् । सीमित राजनीतिक स्वतन्त्रता अनुभव गरेका पनि छन् । केही साथीहरूको अनुभव भने निकै कठिन छ । स्वाजील्याण्डमा निरंकुश राजतन्त्र छ । राजनीतिक दलहरू भूमिगत छन् । स्वाजील्याण्डका साथीहरू भूमिगत तरिकाले सहभागी भएका छन् । पश्चिम सहाराका साथीहरू राष्ट्रिय स्वतन्त्रताको मुद्दा बोकेर आएका छन् । पश्चिमा शक्तिको आडमा छिमेकी देश मोरक्कोले पश्चिम सहारालाई कब्जा गरेको छ । मुक्ति युद्ध लडिरहेको शक्तिले २० प्रतिशत भूमि ओगटेको छ । ठूलो जनसङ्ख्या अल्जेरियामा शरणार्थी शिविरमा बसेका छन् । यहाँ सहभागी भएका साथीहरू पनि शरणार्थी शिविरबाटै सहभागी हुन आएका छन् । केन्यामा गत जुनमा नयाँ आर्थिक ऐनको विरुद्धमा ठूलो आन्दोलन भयो । राष्ट्रपति रुट्टोले आर्थिक ऐन ल्याएर नवउदारवादी नीति लागु गर्न खोज्दैछन् । सामाजिक सुरक्षामा भइरहेको लगानी कटौती गर्न खोज्दैछन् । त्यसको विरुद्धमा भएको आन्दोलनलाई निर्ममतापूर्वक दमन गरियो । केन्याको साथीले मलाई फोटो देखाउँदै व्याख्या गरे कसरी घरको छतमा बसेर स्नाइपरले आन्दोलनको नेतृत्व गरिरहेका युवाहरूको टाउकोमा गोली प्रहार गरे । सडकमा रगताम्ये भएर ढलिरहेको युवाको शरीर देख्दा कसको मनमा आक्रोश पलाउँदैन र ? दक्षिण अफ्रिकाको साथीहरू जमिनको लागि लडिरहेको अनुभव सुनाउँछन् । उनीहरूको तितो इतिहास छ । औपनिवेशिक कालमा गोराहरूको लागि बस्तीका बस्ती विस्थापित गरेर जमिन हडपियो । युगौ लामो औपनिवेशिकताले भूमिहिन भएका मानिसहरू शहरका खाली जमिन ओगटेर बसेका छन् । कुनै जमिन छ त्यसको मालिक युरोपेली हो, वा दक्षिण अफ्रिकी नै हो तर देश छोडेर बसेको छ । उक्त जमिनमा भूमिहिन मानिस बसेका छन् । त्यो जमिन कस्को हो ? भूमिहिनताको इतिहास के हो ? भूमिहिनलाई जमिनमाथि अधिकार किन नहुने ? भूमिहिनको जमिनमाथिको अधिकार स्थापित गर्न उनीहरू कानुनी र गैरकानुनी दुवै सङ्घर्ष गरिरहेका छन् । दक्षिण अफ्रिकाकै मजदूर संगठनका साथी पनि छन् । उनी विदेशी आधिपत्य रहेको खानी र उद्योगहरूमा मजदूरको अवस्थाबारे चर्चा गर्न सधैं अघि सर्छन् । बुकिना फासोबाट 'थोमस शंकारा सेन्टर'का साथी आएका छन् । उनी फिल्म मेकर पनि हुन् । उनको देशमा लगातार सैनिक कू भएको छ । २ वर्ष अगाडि पनि सैनिक कू भएको थियो । अहिले सैनिक शासन छ । तर उनी सैनिक शासनप्रति सकारात्मक छन् । बुकिना फासोको समस्या भनेको जिहादिष्ट हुन् । जिहादिष्टलाई पश्चिमा शक्तिले आड दिएर आतंक मच्चाएको उनीहरूको बुझाई छ । बुकिना फासोलाई जिहादिष्टको आतंकबाट बचाउन सैनिक शासनलाई आवश्यक ठान्छन्, उनी । बुकिना फासोमा ११ वटा सुन खानी भएको र तिनलाई राष्ट्रियकरण गर्नेतर्फ सैनिक सरकार अघि बढिरहेको उनले बताए ।

अफ्रिकाको तातो माटोलाई तीनतिरबाट चारैतिर महासागर र सागरले घेरेको छ । स्वेज नहर बनाएपछि एसियासँगको जमिनको सम्पर्क पनि टुट्यो । अफ्रिकाको पश्चिमी र दक्षिणी किनार आन्ध्र महासागर हो । आन्ध्र महासागरको तटमा उभिएर मैले क्षितिज परसम्म फैलिरहेको पानीका लहरहरू नियालिरहेको थिएँ । भूपरिवेष्ठित देशको बासिन्दालाई महासागरको पहिलो अनुभव भीमकाय भइरहेको थियो । महासागरको विशालताले मलाई लोभ्याइरहेको थियो । दक्षिण अफ्रिकाकी साथी बोंगी शोभाले भनिन्-"महासागरको आदि र अन्त्य हुँदैन । तपाईंले यो कहाँबाट शुरु छ र कहाँ अन्त्य छ भन्न सक्नुहुन्न ।" उनको घरबाट महासागर १० मिनेटको पैदल दुरीमा रहेछ । महासागर उनको दुःख बिसाउने ठाउँ रहेछ । महासागरको छालसरह शोभाको आवाज गुञ्जिरहेको थियो-"पानी भनेको ईश्वर हो । जब मलाई मनमा पीर हुन्छ, म पीर बिसाउन महासागरमा आउँछु । छालमा खुट्टा भिजाएर बस्छु । मलाई ईश्वरको छेउमा बसेको अनुभव हुन्छ । मलाई दुःख पर्दा केही गर्नुपर्दैन सागरको तटमा बसे हुन्छ ।" साँच्चै सागरको छालसँग खेलेर बस्नु, छालको वेगलाई महसुस गर्नुको आनन्द अपार हुँदोरहेछ । शोभासँग सागरबारे कुरा गर्दै मैले सम्झिरहे यहीं आन्ध्र महासागर हो, जसलाई पार गराउँदै लाखौं अफ्रिकीलाई दास बनाइयो । आन्ध्र महासागर पानीको विशालकाय क्षेत्रफल मात्र होइन यो त लाखौं अफ्रिकी दासहरूको आँसु, शोक, वेदनाको गहिरो कथा पनि हो ।

(२५ अक्टोबर, आक्रा, घाना)

कविता

# मकै पोल्ने दिदी

गिरि श्रीस मगर

सडक किनारमा मकै पोलिरहँदा
प्रत्येक घोघाका लागि
दिदीको अनुहारबाट खस्थ्यो
पसिनाका थोपा
तप्प तप्प तप्प तप्प तप्प !
पहिलो थोपा हुन्थ्यो
दीर्घरोगी लोग्नेका लागि
दोस्रो, भिसा कुरिरहेको छोराका लागि
तेस्रो, सानी छोरीको साना-साना सपनाका लागि
चौथो, साँझबिहान हातमुख जोर्नका लागि
दिदी आफैं पनि दमको रोगी
सास फेर्न सधैं धौ हुन्छ
त्यसैले पाँचौ थोपा आफ्नै लागि !
थोपाथोपा गरेर
पसिनाका ती सबै थोपाहरूलाई
बचतमा राखेकी थिइन् दिदीले,
त्यही त थियो दिदीको
जीवनको पञ्चामृत !
सधैँभरि सडकमै थिइन् दिदी
आज पनि छिन् सडकमै
तर अचम्मित छ सडक आज
कि सडकमा भएर पनि
पोलिरहेकी छैनन् दिदीले मकै !
इतिहासका खास मोडहरूमा सडकमा ननिस्किने
र गागरमा सागर अटाइदिने
चटकीहरूका मण्डली जुटेको छ सडकमा
निस्केको छ सुग्घरी, विद्वान र सफा मानिसका जुलुश !
जुलुश-
मकै पोल्ने दिदीहरूको पसिना लुट्नेहरूको पक्षमा जुलुश !
ऋुद्ध छ हावाको गीत र गति
मलिन भएका छन् ल्याम्पोष्टका एलइडी बल्बहरू
खुम्चिएको छ लाजले सडक !
त्यही चिरपरिचित सडकमा उभिएकी छिन् दिदी
बिलकुल जुलुशको आमनेसामने
दिदीको हातमा छ-
मकै पोल्ने अगुल्टो
दिदीको मनमा छ-
मकै पोल्ने राता ताता भर्भराउँदा कोइला !
सडकलाई मात्रै थाहा छ-
मकैका प्रत्येक घोघाका लागि
दिदीको अनुहारबाट खस्थ्यो
पञ्चामृतका पाँच थोपाजस्ता
पसिनाका थोपा-
तप्प तप्प तप्प तप्प तप्प !

# उद्धार अभियान टोलीलाई स्वागत



देवदह । देवदह नगरपालिकाले सडक मानव मुक्त गर्ने गरी मेचीमहाकाली उद्दार अभियानको टोलीलाई स्वागत गरेको छ । मानवसेवा आश्रम र आनी छोईङ डोल्मा प्रतिष्ठानले संयुक्त रुपमा सडक मानव मुक्त गर्ने गरी मेचीमहाकाली उद्दार अभियान सञ्चालन गरेको छ । सडक मानव मुक्त गर्ने गरी मेचीमहाकाली उद्दार अभियानको टोलीलाई देवदह नगरपालिकाले एक कार्यक्रमकाबिच स्वागत गरेको हो ।

अभियानलाई स्वागत गर्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले सडक मानव मुक्त बनाउने अभियान राम्रो रहेको बताउँदै अभियानलाई संघाउन नगरपालिका तयार रहेको बताए । उनले मानवसेवा आश्रमले सडकमा रहेका मानवलाई आश्रय दिएर पुण्यको काम गरेको बताए ।

उनले देशमा अहिले पनि सडक मानव रहेको र सडक मानव मुक्त समाज निर्माण गर्न सबैले हातेमालो गर्न आवश्यक रहेको औंल्याए । सोही अवसरमा बोल्दै आनी छोईङ डोल्मा प्रतिष्ठानका संयोजक आनी छोईङ डोल्माले सडक मानव मुक्त गर्ने गरी अभियान सञ्चालन गरेको बताइन ।

उनले अशक्त असहाय बाध्य भएर सडकमा जीवन गुर्जानु परेको बताउँदै सडकमा रहेका मानवको उद्दारको लागि अभियान सञ्चालन गरेको बताइन । उनले नकरात्मक सोचलाई अन्त्य गर्दै सकरात्मक सोंचका साथ सडक मानव मुक्त देश बनाउन सबै लाग्नु पर्ने जनाइन ।

यसैगरी मानवसेवा आश्रमका केन्द्रिय अध्यक्ष रामजी अधिकारीले सडकमा कसैले पनि जीवन बिताउन नपरोस् र आफन्तको आभास दिलाउने गरी मेचीमहाकाली उद्दार अभियान सञ्चालन गरेको बताए । उनले २०८२ सालसम्म सडक मानव मुक्त देश निर्माण गर्ने लक्ष्यका साथ मेचीमहाकाली अभियान सञ्चालन गरेको बताउँदै अभियानको क्रममा अहिले सम्म १०७ लाई उद्दार गरिएको जानकारी दिए ।

अभियानकै क्रममा रुपन्देहीको देवदह क्षेत्रबाट तीन जनाको उद्दार गरिएको छ । देवदह-७, शितलनगरबाट एक जना र खैरेनी चोकदेखि दुई जनालाई उद्दार गरिएको नगरपालिकाले जनाएको छ ।

**रूपन्देहीको ...**

गुल्मीका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मालाई कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागमा बाराका प्रजिअ शशिधर घिमिरे, पाल्पाका प्रजिअ आनन्द काफ्ले, ताप्लेजुङका प्रजिअ रवीन्द्रप्रसाद आचार्य र जाजरकोटका प्रजिअ उमाकान्त अधिकारीलाई गृह मन्त्रालयमा ल्याइएको छ ।

संखुवासभाको सीडीओको जिम्मेवारी विनोदकुमार खड्का, भक्तपुरमा गोपालप्रसाद अर्याल र डोटीमा मोहनराज जोशीलाई दिइएको छ । भक्तपुरमा कार्यरत रोशनीकुमारी श्रेष्ठलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सरुवा गरिएको छ ।

ललितपुरका प्रजिअ तुलसीबहादुर श्रेष्ठलाई गृह मन्त्रालयमा सरुवा गरिएको छ । सह-सचिव रमेश ढकाललाई ललितपुरमा पठाइएको छ ।

गोरखाका प्रजिअ भोला दाहाललाई सप्तरीमा सरुवा गरिएको छ । बैतडीको प्रजिअ भीमकान्त शर्मालाई प्राधिकरणमा ल्याइएको छ । बैतडीमा दीर्घराज उपाध्यायलाई पठाइएको छ । सप्तरीका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्राँतिलाई जाजरकोट र नेत्रप्रसाद शर्मालाई ताप्लेजुङको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ ।

**वनबाटिकाको...**

कार्यक्रममा प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरेले टावर सञ्चालनमा ल्याउँदा पर्यटकले सुविधा पाउने, पर्यटक आगमन बढ्न र नगरपालिका र बनवाटिका दुबैलाई आम्दानी हुने भएकाले अब छिटो चलाउनुपर्नेमा जोड दिए ।

ठेक्का पाएको कम्पनीले सञ्चालन नगर्ने हो भने ठेक्का रद्द गरेर भए पनि छिटो चलाउने बाटोमा जान सांसद घिमिरेले सुझाव दिए । भ्यूटावर सञ्चालन गर्ने विषयमा आफूले नगर प्रमुख रामकृष्ण खाँणसँग ३ पटकसम्म कुरा गरेको तर सञ्चालनमा नआउँदा राम्रो सन्देश नगएको बताए ।

दुई दशक अघि उक्त ठाउँ जंगल, झाडी र गौचरन रहेको, तर अहिले सुन्दर, रमणीय र । व्यवस्थित पर्यटकीय थलो बनेको भन्दै घिमिरेले यो सबैको साझा सम्पत्ति भएको बताए । आफ्नै पालामा भ्यूटावर समेत बनेको भन्दै उनले वनबाटिकाको विकासमा आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । सबैको पहलमा गौतमबुद्ध विमानस्थलबाट छिट्टै अन्तर्राष्ट्रिय उडानहरु हुन लागेको भन्दै वनबाटिकाको भविष्य उज्ज्वल रहेको उनले बताए ।

नेकपाकाकेन्द्रीय सदस्य वसन्त श्रेष्ठले वनबाटिका पश्चिम नेपालको उत्कृष्ट पर्यटकीय स्थल बनेको भन्दै अब नामअनुसार अध्यन अनुसन्धानको काम पनि गर्न सुझाब दिए ।

तिलोत्तमाका मेयर रामकृष्ण खाँणले वनबाटिका तिलोत्तमाको मात्र नभई प्रदेश र देशकै गहना भएको बताए । वनबाटिकालाई अझैं विकसित बनाउन आवश्यक रहेको भन्दै बहुउद्देश्यीय भ्यूटावर सञ्चालनमा आएपछि पर्यटक आगमन बढ्ने बताए । बहुउद्देश्यीय भ्यूटावर सञ्चालन गर्न नगरपालिकाले यस वर्ष एक करोड बजेट राखेको भन्दै यसै वर्षदेखि सञ्चालन हुने मेयर खाँणले बताए । वनबाटिका जस्ता ठूला पार्कले वातावरण संरक्षण गर्दै नागरिकलाई स्वस्थ र दीर्घायु बनाउने भन्दै मेयर खाँणले यसबाट रोजगारी सिर्जना र आर्थिक विकासमा समेत योगदान पुगेको बताए । वडा नं १ का अध्यक्ष फर्सुराम गिरीले २० वर्षअघि कांडे झाँडी रहेको वन क्षेत्र थियो, अहिले उत्कृष्ट पर्यटकीय स्थल बनेको भन्दै लुम्बिनी आउने पर्यटकलाई पनि वनबाटिकासम्म ल्याउने योजना बनाउन सुझाए । वनबाटिका तिलोत्तमाको वडा नं १ देखि ४ वडासम्मका वडावासी नागरिकको सबैभन्दा नजिकको घुमफिर गर्ने साझा थलो भएकाले यसको विकासमा विशेषगरी ४ वटा वडावासीको ध्यान जानुपर्ने उनले बताए ।

कार्यक्रममा प्रतिवेदन प्रस्तुत गर्दै शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रका अध्यक्ष बेलप्रसाद शर्माले वनबाटिकामा एक वर्षमा साढे ४ लाख पर्यटक घुम्न आउने र वार्षिकरुपमा सरकारलाई करिब ५० लाख कर तिर्ने गरेको जानकारी गराए । आफ्नो कार्यकालमा २ वर्ष कोरोना महामारीले काम गर्न नपाए पनि बाँकी ३ वर्षमा विकास निर्माण र संस्थागत सुधारका धेरै काम भएको उनले बताए । विगतमा ऋणमा रहेको संस्थालाई अहिले नाफामा लगेको शर्माले बताए । शंकरनगर सामुदायिक वनका अध्यक्ष रवीन्द्र बस्नेतले सामुदायिक वन र बाटिका एक अर्काका परिपूरक भएका र स्थानीय विकासका लागि दुई संस्थाबिच समन्वय सहकार्य हुँदै अघि बढेको बताए ।

सो अवसरमा संस्थाका उपाध्यक्ष खिमलाल पाण्डे, सचिव फर्सुराम भण्डारी, पार्षदको तर्फबाट कमला ज्ञवाली, आजीवन सदस्य लोकनाथ पाण्डे, लक्ष्मण अर्याल, टेकबहादुर थापा, केशव न्यौपाने, किशोर सुवेदी, हरिलाल पाण्डेलगायतले वनबाटिका तिलोत्तमाको गहना भएको भन्दै यसको विकासमा नगरपालिकाले विशेष ध्यान दिनुपर्ने आग्रह गरे ।


## शुद्धोदन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति (२०८१/०७/०९)

प्रस्तुत विषयमा यस गाउँपालिकामा तपसिल बमोजिमका पदहरू कारार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र रितपूर्वकको आवेदन यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

| क्र.सं | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०८/२०८१-०८२ | सिभिल इन्जिनियर | छैठौं | १ |
| २ | ०९/२०८१-०८२ | सव इन्जिनियर | पाँचौ | १ |
| ३ | १०/२०८१-०८२ | अ.सव इन्जिनियर | चौथो | १ |
| ४ | ११/२०८१-०८२ | अमिन | चौथो | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव:**
क) सिभिल इन्जिनियरःमान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिलइन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उतीर्ण गरी नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको प्रमाणपत्र, प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
ख) सव-इन्जिनियरःसिविल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वाडिप्लोमा तह उतीर्ण भएको।
ग) अ.सव. इन्जिनियरःकम्तिमाSLC वा SEE उतीर्ण गरि मान्यता प्राप्त शैक्षिक संस्थाबाट इन्जिनियरिङ्ग संकायमा TSLC उतीर्ण गरेको।
घ) अमिनःमान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन कोर्ष उतीर्ण गरेको।
२. कम्प्यूटर सम्बन्धी ज्ञान भएको।
३. उमेरःदरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको।
४.दरखास्त दिने स्थान- शुद्धोधन गाउँपालिकाको कार्यालय, मानपकडी, रुपन्देही ।
५.दरखास्त दिने अन्तिम मिति- सूचना प्रकाशन भएको मितिले १५(२०८१/०७/२३) दिन भित्र।
६.आवेदनको दस्तुर-सिभिल इन्जिनियरः रु. १०००।- (एक हजार मात्र।)
सव इन्जिनियर, अ.सव इन्जिनियरर अमिन रु. ५००/-(पाँच सय मात्र)
७.छनौटको किसिम-प्रारम्भिक संक्षिप्त सूची प्रकाशन, लिखित र प्रयोगात्मक परीक्षा।
८.संलग्न गर्नु पर्ने कागजातहरू -आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरूको प्रतिलिपी ।
क.नागरिकता प्रमाणपत्र, ख. न्यूनतम योग्यतको लब्धांक प्रमाणपत्र,
ग.चारित्रिक प्रमाणपत्र, घ. २ प्रति पासपोर्ट साईजको फोटो,
ङ. तालिमको प्रमाणपत्र , च.कामसँग सम्बन्धित अनुभव भए सोको कागजात ।
९. कार्यविवरण,सेवा सुविधा तथा अन्यः स्थानीय तहको नियमानुसार हुनेछ ।
१०. परीक्षा मितिः- पछि तोकिने छ ।

**संयोजक**
**कर्मचारी पदपूर्ति समिति**



## नर्सिङ काउन्सिल सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको नेपाल नसिङ्ग काउन्सिलको सर्टिफिकेट यही मिति २०८१।०६। ०५ गते बुटवलदेखि भैरहवा जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम** : **तिर्सला राना**
**ठेगाना** : **सिद्धार्थनगर-३, रुपन्देही**
**रजिष्टेशन नं.** : ३७३०६
**सम्पर्क** : ९८५७०२०२४१



## भारतीय भूपू सेनाको मेडिकल कार्ड (ECHS) हराएको सूचना

मेरो निम्न विवरण भएको भारतीय भूपू सेनाको मेडिकल कार्ड **(ECSH)** यही मिति २०८१।०७।०७ गते बुटवल फूलबारीदेखि श्री कृष्ण नेत्रालय पुष्पलाल पार्क जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम** : **पूर्ण बहादुर श्रेष्ठ**
**ठेगाना** : **वाणगंगा-८, कपिलवस्तु**
**ECSH कार्ड नं.** : ००००० ७५६६५७९
**सम्पर्क** : ९८४७०९०९६८



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड
NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LIMITED
(राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय बनेपा, काभ्रेपलान्चोक

### ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्वन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना :-

प्रकाशित मिति २०८१/०७/१०

यस नेशनल लघुवित्त वित्तीय संस्था लि. को तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी वा नराखी बिभिन्न शाखा कार्यालयहरुबाट कर्जा कारोबार गरी यस वित्तीय संस्थासंगको सर्त कबुलियत बमोजिम समय समयमा कर्जाहरुको सावां ब्याज बुझाउनु पर्नेमा विगत लामो समयदेखि कर्जाको (सावां ब्याज) तिर्न आलटाल गरेको, सो सम्वन्धमा पटक-पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तर ताकेता गर्दा समेत सो को वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको, ऋण कर्जा सम्वन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले तपशिलमा उल्लेखित ऋणी तथा साक्षी /धनजमानीकर्ताहरुलाई ३५ दिनभित्र सम्बन्धित शाखा कार्यालयमा सर्पक गरी कर्जा चुक्ता भुक्तान गर्नका लागि जानकारी गराइन्छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थाको शाखा कार्यालयमा सम्पर्क राखी यस संस्थाबाट लिएको सम्पूर्ण सांवा ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला अन्यथा बैक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उप दफा ११ अनुसार ऋणी तथा ब्यक्तिगत धन जमानीकर्ताको तिन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचिमा नाम समावेश गरिने, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतीबाट बाँकी लेना रकम असुल उपर गरिने ब्यहोरा समेत ऋणी जमानीकर्ता तथा सम्वन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

| क्र. सं. | शाखाको नाम | ऋणीको नाम | ठेगाना | नागरिकता नं | पिता/श्रीमानको नाम | हजुरवुवा/ससुराको नाम | |
|---|---|---|---|---|---|---|---|
| १ | धुर्वटोल | कुश्मा राना | भरतपुर न.पा –१० (हाल बर्दघाट न.पा ०२, नवलपरासी) | ३१७२५ | होम बहादुर राना मगर | फणिन्द्र बहादुर राना मगर | विना धितो |
| २ | धुर्वटोल | पार्वती गुरुङ्ग | बर्दघाट न.पा –४ नवलपरासी | ३१६३० | दिल बहादुर गुरुङ्ग | रन बहादुर गुरुङ्ग | विना धितो |
| ३ | धुर्वटोल | करिस्मा वि.क. | बर्दघाट न.पा –७ नवलपरासी | ३६-०१-७३-०१६१९ | संजय सुनार | सान बहादुर वि.क. | विना धितो |
| ४ | धुर्वटोल | कृष्ण कुमारी वि.क. सुनार | देबदह -१०, रुपन्देही | ३६३०५५/५२६ | विनोद वि.क. सुनार | दिलाराम वि.क. सुनार | विना धितो |
| ५ | धुर्वटोल | गीता देवी दर्जि | साविक माकर गाविस ०४, नवलपरासी | ४/२१२१ | टेक बहादुर दमै | तुलविर दमै | विना धितो |
| ६ | धुर्वटोल | आशा थापा | चिन्नेवास-२ ,स्याङ्जा (हाल बर्दघाट न.पा.०४ नवलपरासी) | ५६५८६/४२ | कृष्ण बहादुर थापा | खड्क बहादुर थापा | विना धितो |
| ७ | धुर्वटोल | डुगुरी बासफोर | साविक मनरी गाविस ०५,नवलपरासी | ३६१०६०/९ | सामु बास फोर | शिवधर बासफोर | विना धितो |
| ८ | धुर्वटोल | श्याम कुमारी वि.क. | साविक माकर गाविस ०४, नवलपरासी | ३६३०५५/१२२० | लक्ष्मण विश्वकर्मा | कोरेखरे विश्वकर्मा | विना धितो |
| ९ | धुर्वटोल | बिबा कुमारी वि.क. | साविक दाउन्नेदेवी ०१,नवलपरासी | ३६३०५६/६०९ | अनिल वि.क. | तेज नारायण वि.क. | विना धितो |
| १० | धुर्वटोल | रिनु सुनार | साविक दाउन्नेदेवी ०५,नवलपरासी | ३६३०५६/८९० | सुनिल वि.क. | गम बहादुर कामी | विना धितो |
| ११ | धुर्वटोल | बिमला मल्ल | बर्दघाट -४ नवलपरासी | ४१३०१४/२३४ | विष्णु बहादुर मल्ल | गुप्त बहादुर मल्ल | विना धितो |
| १२ | धुर्वटोल | इन्द्र मल्ल | साविक माकर गाविस ०४, नवलपरासी | ६१६६९ | जोतिन्द्र मल्ल | ताराध्वज मल्ल | विना धितो |
| १३ | कुडिया | सकुन्तला चमार | साविक गाविस सोमनी ०१, नवलपरासी | ३६१०५२/४३ | भवन चमार | श्री किसुन चमार | विना धितो |
| १४ | कुडिया | धन देवी कुमारी यादव | प्रतापपुर गापा ०२, नवलपरासी | ३६३०५२/१० | सुरेन्द्र अहिर यादव | वंशलाल अहिर | विना धितो |
| १५ | बेथरी | शर्मिला क्षेत्री | सि न पा ८ रुपन्देही | ४४९० | लोकमान श्रेष्ठ | हिरामान श्रेष्ठ | विना धितो |
| १६ | बेथरी | योजना गुरुङ्ग | ओमसतिया गा पा २ रुपन्देही | ३७१०२०/४७३९१ | कपिल गुरुङ्ग | भीमबहादुर गुरुङ्ग | विना धितो |
| १७ | बेथरी | भावना गुरुङ्ग | साविक गा वि स आननदवन-८, रुपन्देही | १०८२७ | अमरबहादुर गुरुङ्ग | वनबहादुरु गुरुङ्ग | विना धितो |
| १८ | बेथरी | मनु मल्ल | सि .न. पा.- २, रुपन्देही | ३७१०२३/४१९७६ | नवराज गुरुङ्ग | तिल बहादुर गुरुङ्ग | विना धितो |
| १९ | बेथरी | रुची केसी | सि .न. पा.- ७, रुपन्देही | ३७-०१-७१-०४३४६ | सुभाष केसी | कमल बहादुर के सी | विना धितो |
| २० | हकुई | इन्द्रावति केवट | रामग्रम-१३, कैलासपती टोल | ३६३०९९/१०३ | राम मिलन केवट | हरि प्रसाद केवट | विना धितो |
| २१ | हकुई | फुलमती चमार | साविक रामग्रम- ७, देवरवा | ३६१०६९/२५०० | पलझन चमार | छाङ्गर चमार | विना धितो |

| क्र. सं. | शाखाको नाम | ऋणीको नाम | ठेगाना | नागरिकता नं | पिता/ श्रीमानको नाम | हजुरवुवा/ ससुराको नाम | धन जमानी कर्ताको नाम | ठेगाना | नागरिकता नं. | पिता/ श्रीमानको नाम | हजुरवुवा/ ससुराको नाम | नाता | जग्गा धनीको नाम | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | खैरेनी | बिर बहादुर खड्का | साविक गाविस छाङछाङदी ० ६, स्याङ्जा | ४४८७ | रुक बहादुर खड्का | यम बहादुर खड्का | लक्ष्मी खड्का | वालिङ नपा - ९, स्याङजा | ४२२०४१/ ३०२०३ | बिर बहादुर खड्का | रुक बहादुर खड्का | श्रीमती | बिर बहादुर खड्का | ९६६ | ०-०-१०-० |
| २ | खैरेनी | सुर्य प्रसाद काफ्ले | साविक गाविस बराहकालिका ०१, स्याङ्जा | २९३२ | रेवकान्त काफ्ले | खडान्द काफ्ले | कृष्ण प्रसाद देबकोटा | वुटबल १३, रामपथ, रुपन्देही | ३७२०२४/ ७२३६९ | नारायण दत्त देवकोटा | दुर्गा लाल देबकोटा | छिमेकी भाइ | सुर्य प्रसाद काफ्ले | ९६४ | ०-०-८-० |
| ३ | कुडिया | रवडी देवी चमार | साविक गाविस कुडिया ०८, नवलपरासी | ३६३०४१ ।७२२ | दशई चमार | सहती चमार | दशई चमार | साविक गाविस कुडिया -८, नवलपरासी | ३६३०४१। ४८४ | सहती चमार | सुकै चमार | श्रीमान | दशई चमार | ५७९ | ०-२-० |
| ४ | हकुई | खेतु नेसा | रामग्रम-१३ कैलासपती टोल | ३६३०६९ /२५९ | तावरेज जोल्हा | करमम जोल्हा | तावरेज जोल्हा | रामग्रम- १३ कैलासपती टोल | ४८३२४ | तावरेज जोल्हा | करमम जोल्हा | श्रीमान | खेतु नेसा | १६१ | ०-२-५-० |
| ५ | हकुई | जामवन्ती पासी | वन्झरिया - ४ डिघवल | ३६-०१-७३ -०५६९० | रामनाथ पासी | पंचम प्रसाद पासी | पंचम प्रसाद पासी | वन्झरिया - ४ डिघवल | ११।१२१८ | रामनाथ पासी | पंचम प्रसाद पासी | ससुरा | पंचम प्रसाद पासी | ९०५ | ०-३-१-० |
| ६ | हकुई | माया देवी भर | रामग्रम-८ वैकुन्ठपुर | ३५२३ | हर्षलाल भर | चेतमान भर | हर्षलाल भर | रामग्रम-८ वैकुन्ठपुर | ४८६०६ | हर्षलाल भर | चेतमान भर | श्रीमान | माया देवी भर | ९३४ | ०-०- १५-०।२३ |

बीपी स्मृति कपः

# फाइनलमा भारतको लाइफ केयर र नेक्सस रूपन्देही



भैरहवा । 'बीपी कोइराला स्मृति कप टी-२०' अन्तर्राष्ट्रिय अन्तरक्लब क्रिकेट प्रतियोगितामा भारतको लाइफ केयर क्रिकेट क्लब र नेक्सस रुपन्देही-११ नेपाल फाइनल प्रवेश गरेका छन् । शुक्रबार भएको पहिलो सेमिफाइनलमा दीपक पुनियाको शतक, दिपान्सु फोरको अर्धशतक र क्षितिजको उत्कृष्ट बलिङको मद्दतमा पाकिस्तानको जावेद गोहार इन्टरनेशनल क्रिकेट एकेडेमीलाई १ सय ५५ रनको फराकिलो अन्तरले पराजित गर्दै भारतको लाइफ केयरले फाइनल यात्रा पक्का गरेको हो ।

यस्तै, दोस्रो सेमिफाइनलमा नेक्सस रुपन्देही-११ ले बंगलादेशको साइक्यू क्रिकेट एकेडेमीमाथि ८ विकेटको जित निकाल्दै फाइनल पुगेको हो । अब लाइफ केयर र नेक्ससबिच शनिबार उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको लाइफ केयरले ५ विकेटको नोक्सानीमा २ सय ४७ रनको विशाल योगफल बनायो । उसका लागि दीपनक पुनियाले ५८ बलमा ९ चौका र ६ छक्काको मद्दतमा १ सय १ रनको शतकीय पारी खेले । यस्तै, दिपान्सु फोरले ६५, विपुलले अविजित २९, एकान्स डोबलले १९ र जस्मित नैनले १३ रनको योगदान गरे । बलिङमा पाकिस्तानको जावेद गोहारका मोहम्मद इशितयाक अहम्मदले ४ र ऋषभ जोशीले १ विकेट हात पारे ।

२ सय ४८ रनको विशाल लक्ष्यसहित ब्याटिङ गरेको जावेद गोहारले १५ ओभर ४ बलमा ९ विकेटको नोक्सानीमा ९२ रन मात्रै बनाउन सक्यो । अन्तिम विकेट हातमा रहँदा पनि उसले खेल टुंग्यायो । उसका लागि अली हुसेनले ४२, ऋषभ जोशीले २३ र मोहम्मद इशितयाक अहम्मदले १५ रन बनाए पनि अन्या ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिम फाइनल पुग्नबाट चुक्यो । बलिङमा भारतको लाइफ केयरका क्षितिजले ४ ओभरमा १ मेर्डनसहित १३ रन खर्चेर ५ विकेट लिए । यस्तै, योगेश कुमारले ३ तथा राजेश शर्माले १ विकेट लिन सफल भए । खेलमा दीपक पुनिया म्यान अफ द म्याच भई पाँच हजार रुपैयाँ प्राप्त गरे ।

सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको साइक्यूले १८ ओभर १ बलमा सबै विकेट गुमाउँदै ८८ रनको झिनो स्कोर बनायो । साइक्यूका ब्याटर सेमिफाइनलमा चल्न सकेनन् । उसका लागि एकसले २७, शौरबले १३, सिफत सदीकले १२, मुनिमले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिम पराजित हुन पुग्यो । बलिङमा उसलाई सस्तैमा रोक्न नेक्सस रुपन्देहीका बसिर अहम्मदले ३, शाहब आलम र दिपेश कँडेलले २-२ तथा दुर्गेश गुप्ता र दिनेश अधिकारीले समान १-१ विकेट हात पारे ।

८९ रनको झिनो लक्ष्यसहित मैदानमा उत्रिएको नेक्सस रुपन्देहीले ११ ओभरमा ५ बलमा लक्ष्य पूरा गर्दै सहजै जित निकाल्यो । उसको जितमा शंकर रानाले ४०, विपिन विक्रम शाहीले १५ र मिर्नाल गुरुङले ११ रनको योगदान दिए । बलिङमा साइक्यूका शाहदत रहमान र एकसले १-१ विकेट लिए । खेलमा बसिर अहम्मद म्यान अफ द म्याच भई पाँच हजार रुपैयाँ प्राप्त गरे ।

नेक्सस क्रिकेट एकेडेमीको आयोजना र रुपन्देही क्रिकेट संघको प्राविधिक सहयोगमा जारी प्रतियोगिता कार्तिक १० गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा विजेता टीमलाई ५ लाख र उपविजेतालाई ३ लाख रुपैयाँ पुरस्कार प्रदान गरिने छ । त्यस्तै म्यान अफ द सिरिजलाई ३५ हजार, बेस्ट बलरलाई २० हजार, बेस्ट ब्याट्सम्यानलाई २० हजार र प्रत्येक खेलको म्यान अफ द म्याचलाई ५ हजार प्रदान गरिने आयोजक संस्थाका अध्यक्ष अध्यक्ष भरतबहादुर शाहीले जनाए ।

# सडकबाट सरकार फेरिन्न : सत्तापक्ष



काठमाडौं । सत्तापक्षीय सात राजनीतिक दलले लोकतन्त्रको विकल्प अझ उन्नतस्तरको लोकतन्त्र भएको भन्दै सरकारको विकल्प खोज्ने बाटो संसद् र नयाँ जनादेश मात्र हुनसक्ने बताएका छन् ।

शुक्रबार बसेको सत्तापक्षीय सात दलको बैठकपछि जारी संयुक्त वक्तव्यमा विपक्षी दलहरूले सरकारको विकल्प सडकबाट खोजेको ठहर गर्दै सरकारको विकल्प संसद् र नयाँ जनादेश बाहेक अन्यत्रबाट नखोज्न सुझाव दिएका हुन् ।

सात दलले भिन्न तरिकाबाट अघि बढ्ने प्रयास लोकतन्त्रको मूल्य र मान्यता विपरीत हुने समेत स्पष्ट पारेका छन् ।

'त्योभन्दा भिन्न तरिकाबाट अघि बढ्ने प्रयास लोकतन्त्रको मूल्य र मान्यता विपरीत हुने कुरा स्पष्ट छ । यसप्रति सचेत र सजग रहन हामी सम्बद्ध पक्षको ध्यानाकर्षण गर्दछौं ।'- सात दलले जारी गरेको संयुक्त वक्तव्यमा भनिएको छ ।

६ दशक लामो राजनीतिक आन्दोलनबाट जनता सार्वभौमसत्ता सम्पन्न भएको र नेपाली जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो संविधान आफैँ बनाएर कार्यान्वयन गरिरहेको अवस्थामा उत्पन्न समस्याको समाधान लोकतान्त्रिक विधि र प्रक्रियाबाट खोज्न सकिन्छ र खोज्नु पर्दछ भन्ने मान्यतामा दृढ रहेको सात दलले दाबी गरेका छन् ।

'सोहीअनुसार राजनीतिक स्थायित्वको आधार तयार गर्नका लागि सहमतिका आधारमा संवैधानिक, कानुनी र संरचनागत सुधारमा जोड दिँदै आएका छौँ', वक्तव्यमा भनेका छन्-'यस्तो अवस्थामा अराजकतालाई प्रोत्साहन गर्ने, राजनीतिक अस्थिरतालाई बल पुऱ्याउने तथा सुशासन र विकासको नेपाली जनताको आकांक्षालाई असर पुग्ने गरी विभिन्न नाम र स्वरूपमा हुने कुनै पनि प्रकारका अवाञ्छित गतिविधिहरू उचित होइनन् ।'

साथै उनीहरूले सडकबाट लोकतान्त्रिक व्यवस्था र सरकारको विकल्प खोज्ने कुरा कुनै पनि अर्थमा स्वीकार्य हुन नसक्ने चेतावनी दिएका छन् ।

सडकबाट लोकतान्त्रिक व्यवस्था र सरकारको विकल्प खोज्ने कुरा कुनै पनि अर्थमा स्वीकार्य हुन नसक्ने संयुक्त वक्तव्यमा भनिएको छ । सरकारको नीति, कार्यक्रम र बजेट पूर्ववर्ती सरकारको पालामा नै पारित भइसकेको स्थितिमा बनेको वर्तमान सरकारले राजनीतिक र प्रशासनिक पहलकदमीका माध्यमबाट मुलुकलाई आर्थिक संकटको अवस्थाबाट बाहिर निकाल्न, सुशासन र विकासको दिशामा अघि बढाउन महत्वपूर्ण कदम अघि बढाएको ठहर गरेको एमाले महासचिव शंकर पोखरेलले बताए ।

उनले बाँकी अवधिका लागि सरकारले तय गरेका कामका योजना प्रभावकारी ढङ्गले सम्पादन गर्ने प्रतिबद्धता सात दलबाट व्यक्त भएको बताए ।

बैठकले आगामी दिनमा सङ्क्रमणकालीन न्यायको काम प्रभावकारी ढङ्गले अघि बढाउने कुरामा सबै पक्षको सहयोग अपेक्षा समेत गरेको छ ।

त्यस्तै वर्तमान सरकार गठन भएपश्चात् कानुनी सुधारका माध्यमबाट लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्ने प्रयास भएको पनि सात दलको निष्कर्ष छ । 'निजी क्षेत्र आर्थिक सुधारको प्रक्रियाबाट आशावादी बनेको छ । बक्यौता भुक्तानी, पुँजीगत खर्चमा भएको वृद्धि तथा राजस्व वृद्धिमा भइरहेको सुधारले अर्थतन्त्रमा सकारात्मक लक्षणहरू देखिएका छन् ।'- संयुक्त वक्तव्यमा भनिएको छ ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति, २०८१ ले तयार पारेको सर्वसम्मत प्रतिवेदनका आधारमा अनुसन्धान र कारबाहीको प्रक्रिया सुरु भएको भन्दै सात दलले पछिल्ला दिनमा अनुसन्धान र अभियोजनको प्रक्रियालाई नै प्रभावित गर्ने उद्देश्यले गतिविधिहरू सुरु भएको ठहर गरेका छन् ।

संयुक्त वक्तव्यमा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, जनमतका अध्यक्ष सीके राउत, लोसपाका महन्थ ठाकुर, जसपाका राजकिशोर यादव, जनता समाजवादीका रेणु यादव र नापाका रञ्जिता श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

# आफ्नै देशमा श्रम गर्न प्रेरित गर्दै भुसाल



रामपुर (पाल्पा) । रामपुर नगरपालिका-९ का नारायण भुसालले व्यावसायिक रूपमा सागसब्जीखेती सुरु गरेका छन् । दुई दशक विदेश मजदुरी गरेका उनले रामपुर-७ को पाँच रोपनी पाखोबारी भाडामा लिएर सागसब्जीखेती थालेका हुन् ।

"लामो समयसम्म अर्काको देशमा पसिना बगाए, गाउँ फर्केलगत्तै जग्गा भाडामा लिएर सागसब्जीखेती सुरु गरेको छु, अहिले सागसब्जी, रोप्ने र रेखदेखमै व्यस्त छु ।"-उनले भने । उनले तीन वर्षका लागि वार्षिक रु ४० हजारमा जग्गा भाडामा लिएका हुन् । बेमौसमी सागसब्जी उत्पादनलाई जोड दिएका उनले काउली, ब्रोकाउली, बन्दा, धनियाँ, मुलालगायत सागसब्जी रोपेका छन् ।

व्यवसाय सुरु गरेको पहिलो वर्षमा नै प्रशस्त आम्दानी भएपछि भुसाललाई सागसब्जीखेतीमा उत्साह थपिएको छ । एक वर्षमा उनले रु चार लाख आम्दानी गरेको बताए । वार्षिक रूपमा रु सात लाखसम्म आम्दानी गर्ने उनको लक्ष्य छ । "अर्काको देशमा धेरै दुःख छ, विदेशको पीडा भोग्नेलाई मात्र थाहा हुन्छ, दिनमा कम्तीमा पनि १२ देखि १५ घण्टाको काम गर्नुपर्छ, तै पनि कामअनुसारको पारिश्रमिक पाइँदैन, आफ्नो देशमा आनन्दले परिवारका साथमा काम गर्न पाइन्छ, यसमै आनन्द छ ।"-विदेशमा आफूले भोगेको अनुभव उनले सुनाए ।

उद्यमी भुसाललाई आफ्ना उत्पादन बिक्रीको कुनै चिन्ता छैन ।

उनले उत्पादन गरेका सागसब्जी रामपुर बजारमा बिक्री हुने गरेको छ । व्यापारीले घरमा नै आएर खरिद पनि गर्ने गरेका छन् । उनी सागसब्जी मात्र नभई फलफूलका बिरुवा उत्पादन गरेर बिक्री पनि गर्दछन् ।

# अर्घाखाँचीमा प्लास्टिकका माला बेच्न नपाइने



अर्घाखाँची । अर्घाखाँचीको शीतगङ्गा नगरपालिकाले प्लास्टिकका माला बिक्रीमा प्रतिबन्ध लगाएको छ । नगरपालिकाले तिहारमा प्लास्टिकका माला बेच्न नपाइने निर्णय गरेको हो ।

नगरपालिकाका योजना शाखा प्रमुख नूमलाल खनालका अनुसार स्थानीय फूलको उपयोग बढाउन तथा प्लास्टिकजन्य फूल आयात निरुत्साहित गर्ने उद्देश्यले उक्त निर्णय भएको हो । नगरपालिकाले उक्त निर्णय कार्यान्वयन गर्न सबै वडा कार्यालय, प्रहरी, स्थानीय प्रशासन र उद्योग वाणिज्य सङ्घलाई अनुरोध गरेको नगरप्रमुख छविलाल पौडेलले बताए ।

उनले उक्त निर्णय तत्काल लागू गर्ने र नगरवासीहरूलाई यसमा सहयोग गर्न आग्रह गरेका छन् । स्थानीय उत्पादनको प्रवर्द्धनका लागि यो निर्णय लाभप्रद हुने तथा प्लास्टिकजन्य प्रदूषण कम गर्न मद्दत पुग्ने विश्वास उनले व्यक्त गरे ।


ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बचौं

खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न

- सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं ।
-भान्सामा सिलिण्डर प्रयोग गर्दा ठाडो पारेर मात्र प्रयोग गरौं ।
-गुणस्तरयुक्त रेगुलेटर, पाइप र चुलो प्रयोग गरौं,
-समय-समयमा ग्याँसको पाइप, रेगुलेटर र चुलो फेरौं ।
-ग्याँस सिलिण्डरको प्रयोग अवधि हेरेर मात्र खरिद गरौं ।
-काम सकेपछि सधैं रेगुलेटर बन्द गरौं ।
-भान्सा कोठाको झ्याल ढोका सधैं खुला राखौं,
-सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-८, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com